# १० राष्ट्रहरुलाई येशूको अनुशासित अनुयायी बनाउनु

*यस अध्यायका मूल पदहरू:* यशैया ५६:६-८, मत्ती ११:२०-२४, यूहन्ना १२:२०-३२, रोमी १५:१२, प्रेरित १:७,८।

*स्मरण गर्नुपर्ने पद:* "मेरो भवन सारा राष्ट्रहरूको निम्ति प्रार्थनाको भवन हुनेछ।" (यशैया ५६:७ रूपान्तरित)।

**सुरूदेखि नै ख्रीष्टको सन्देश सबैको निम्ति र सबै ठाउँको निम्ति थियो।** तत्कालिन विश्वमा सुसमाचार सर्वत्ररूपमा फैलिएको थियो, किनभने येशू केवल यहूदीहरूको निम्ति मात्र नभएर सारा संसारको निम्ति आउनुभएको थियो। हुनतः येशू सबैको निम्ति हो भन्ने धारणा चेलाहरूको दिमागले हत्तपत्त भ्याएको थिएन। उदाहरणमा हेर्ने हो भने, जब येशूका चेलाहरूले येशू पानी नचल्ने जात सामरी महिलासँग कुराकानी गरिरहेको देख्दा तिनीहरू तिन छक्क परेको थियो। येशू परमेश्वरले चुन्नुभएको मसीह हुनुहुन्छ, उहाँ केवल यहूदी धर्मका भविष्यवाणीहरू पूरा गर्न आउनुभएको र तिनीहरूको मात्र महान् आशा हुनुहुन्छ भन्ने सोच ती चेलाहरूमा थियो। येशूको बारेमा उल्लेख गरेका अगमवक्ताहरूलाई तिनीहरूले केही हिसाबमा गलत सम्झेका थिए। अगमवक्ताका सन्देशहरू सबै मानिसहरूको निम्ति थियो। येशू ख्रीष्ट कुनै जातको पेवा नभएर संसारमा जन्मिने सबैको निम्ति आउनुभएको थियो। कुनै एक समूह, जात, धार्मिक वर्ग वा देशको सिमानामा येशूलाई बन्दी बनाउन कसैको अधिकार छैन। यहूदीबाट मुक्तिको योजना खुलेर आएको होला तर त्यो मुक्ति प्रत्येक मानिसको निम्ति हो। सारा देशका सिमानाहरूबाट, संस्कार वा संस्कृतिहरूबाट, अन्तराष्ट्रिय खिचातानीबाट, सारा भाषाभाषीहरूको भिन्नताबाट र अरू कुनै कठिनताहरूबाट माथि बस्नु प्रत्येक येशूभक्तको धर्म हो। येशू आफैले अन्तर-संस्कृति वा अन्तरजातिय प्रचारप्रसारको जग बसाल्नुभएको थियो। उहाँको त्यो नमूनालाई सबैले पछ्याउनु अनिवार्य छ। (सबै किसिमका पूर्वाग्रहहरूलाई तोडेर येशूले सबै मानिसलाई प्रेम देखाउनुभएको थियो-यूहन्ना ३:१६)।

सेभेन्थ-डे एडभेन्टिस्ट भएको नाताले त्यो तोडिएको पूर्वाग्रह वा सिमाना प्रकाश १४:६मा हामी हेर्दछौं: "मैले अर्को स्वर्गदूत देखें। उनी माथी आकासमा उडिरहेका थिए। सदासर्वदा सत्य रहिरहने असल सुमाचार यस संसारमा सुनाउन उनी आएका थिए। प्रत्येक राष्ट्र, जाती, भाषा र मानिसहरूलाई त्यो सन्देश उनले सुनाएका थिए" (रूपान्तरित)।

## १. अगमवक्ताका वचनहरू (मीका ४:१,२)

बाइबलमा आधारित आस्थामा गैर-यहूदीहरू वा अन्य जातिहरू पनि आत्मिक परिवर्तन गरि परमेश्वरमा फर्किने छ भनेर विभिन्न भविष्यवाणीहरू अगमवक्ताहरूले गरेका थिए। गलत देवीदेवता अर्थात मानव आविष्कारित पत्थरका देविदेवताहरूलाई पूजा आजा गर्नु र विध्वंसात्मक जीवन शैली वा संस्कार अपनाएर जीवनलाई अवमूल्यन गर्नु र त्यसलाई अन्त्य गर्न खोज्नु जस्ता प्रवृत्तिहरूको अन्त हुनेछ। गैर-यहूदी अर्थात् यहूदी जातिले म्लेच्छ भनेर सम्बोधन गरेका मानिसहरूले आफ्ना जीवनहरू परमेश्वरमा अर्पण गर्नेछन्। इस्राएलका शत्रुहरू वढि आत्मज्ञानहरूको माग गर्दै यरुशलेममा ओइरनेछन्। सारा संसारभरी आह्वान गरिएको परमेश्वरतिर फर्कने निमन्त्रणालाई प्रचारप्रसार गर्ने काम इस्राएलको थियो। आफ्ना छिमेकी राष्ट्रहरूको सामु ज्योति बनि परमेश्वरको महिमाको निम्ति खडा हुनु इस्राएलको धर्म थियो।

तर दुर्भाग्यवस सांसारिक विविध घट्ना र चाहनाहरूले गर्दा परमेश्वरको काम गर्ने तिब्र चाहनालाई इस्राएलीहरूले ओझेलोमा पारेका थिए। परमेश्वरको सन्देश प्रचारप्रसार गर्ने अनुराग चिसिएको थियो। आत्मिक आलस्यपनामा इस्राएलीहरू परिरहेकोले परमेश्वरको महान् योजनालाई गाडिएको थियो। तर जब येशू ख्रीष्ट आउनुभयो तब परमेश्वरको परिकल्पनालाई फेरि माथि सतहमा निस्किएको थियो। सबै इस्राएलीहरूमा नभएतापनि कुनै कुनैमा परमेश्वरको त्यस योजना साकार पार्न प्रयास हुन पुगेको थियो।

**देहायका पदहरूले सारा संसारभरी सुसमाचार सुनाउनु भनेको के रहेछ भनेर सिकाउँछ। फेरि सारा संसार वा अन्यजातिमा परमेश्वरको बारेमा सुसमाचार सुनाउने इस्राएलीहरूको मनस्थितिमा कस्तो पूर्वाग्रह र**

संकुचित मिसिएको रहेछ भनेर ती पदहरूले कसरी देखाएको रहेछ, सो हेर्नुहोस्ः यशैया ५६ः६-८ "परमप्रभुको सेवा गर्न, परमप्रभुको नाउँलाई प्रेम गर्न र उहाँको आराधना गर्न, शबाथ-दिन बिटुलो नपारी मान्न र मेरो करार पालन गर्न परमप्रभुमा बाँधिएका सबै विदेशीहरूलाई ७ म मेरो पवित्र पर्वतमा ल्याएर मेरो प्रार्थनाको घरमा आनन्दित तुल्याउनेछु। तिनीहरूका होमबलि र बलिदानहरू मेरो वेदीमा ग्रहणयोग्य हुनेछन्, किनकि मेरो भवन सबै जातिहरूका निम्ति प्रार्थनाको घर भनिनेछ।" ८ इस्राएलका निकालिएकाहरूलाई भेला गराउनुहुने– परमप्रभु परमेश्‍वर यो घोषणा गर्नुहुन्छ, "भेला भइसकेकाहरू बाहेक म तिनीहरूकहाँ अझै अरूलाई पनि भेला गर्नेछु।" , मीका ४:१,२ "पछिल्ला दिनहरूमा परमप्रभुका मन्दिरको पहाड़चाहिँ पहाड़हरूमा प्रमुखझैं स्थापित हुनेछ, र त्यो सबै डाँड़ाहरूभन्दा माथि उठाइनेछ, र मानिसहरू त्यहाँ ओइरिएर जानेछन्।२ धेरै जाति-जातिहरू आएर भन्नेछन्, "आओ, हामीहरू परमप्रभुको पर्वत, याकूबका परमेश्‍वरको भवनमा जाऔं। उहाँले हामीलाई आफ्नो मार्ग सिकाउनुहुनेछ, ताकि हामी उहाँको मार्गमा हिंड्न सकौं।" व्यवस्था सियोनबाट र परमप्रभुको वचन यरूशलेमबाट निस्कनेछन्।", योनाह ३:१-१० " तब परमप्रभुको वचन दोस्रो पल्ट योनाकहाँ आयोः "त्यस ठूलो सहर निनवेमा जा, र म जे समाचार तँलाई दिन्छु, सो त्यहाँ घोषणा गर्।" योनाले परमप्रभुको वचन पालन गरेर निनवेमा गए। अब निनवे एक अत्यन्तै प्रख्यात सहर थियो। त्यो हेर्नलाई तीन दिन लाग्दथ्यो। पहिलो दिन योना सहरभित्र पसे। तिनले यसो भनेर घोषणा गरे, "अबको चालीस दिनमा निनवे नष्ट हुनेछ" निनवेका मानिसहरूले परमेश्‍वरमा विश्‍वास गरे। तिनीहरूले उपवासको घोषणा गरे, र तिनीहरूका ठूला-साना सबैले भाङ्ग्रा लगाए। जब त्यो खबर निनवेका राजाकहाँ पुग्यो, तब उनी आफ्नो सिंहासनबाट उठे, उनले आफ्नो राजपोशाक फुकाले र भाङ्ग्रा लगाएर खरानीमा बसे।

**Jonah 3:7** तब उनले निनवेमा यसो भन्ने घोषणा गरे। "राजाको र भारदारको उर्दीअनुसारः कुनै मानिस वा पशु, गाई-गोरु वा भेड़ाबाख्रा, कसैले केही खानेकुरा नखाओस्, न त केही पिओस्।
तर मानिस र पशुले भाङ्ग्रा लगाऊन्, र परमेश्‍वरमा पुकारा गरून्। तिनीहरू आफ्ना कुमार्गबाट फर्कून्, तिनीहरूले गर्ने उपद्रव त्याग गरून्।

**कसले जान्दछ? परमेश्वरले मन नरम गर्नुहोला र दया गरेर आफ्नो भयानक रीसबाट फर्कनुहोला। यसरी हामी नष्ट हुनेछैनौं।"तिनीहरूले के गरे र कसरी तिनीहरू आफ्ना कुमार्गबाट फर्केर आए भन्ने परमेश्वरले देख्नुभयो। तब उहाँलाई दया आयो, र तिनीहरूलाई सर्वनाश गर्छु भनी गर्नुभएको धम्कीअनुसार उहाँले गर्नुभएन।" र योना ४:१ "तर योना लाई यो साह्रै मन परेन, र तिनलाई रीस उठ्यो।२ अनि तिनले परमप्रभुलाई यसो भनेर प्रार्थना गरे, "हे परमप्रभु, म आफ्नो घरमा छँदै के मैले यही कुरा भनेको थिइनँ र? यसैकारणले त तर्शीशमा भागेर जान मैले आतुरी गरेको थिएँ। तपाईं अनुग्रहकारी र करुणामय, रीस गर्नमा धैर्यवान्, दयामा प्रशस्त, र दुःख दिनुमा बेखुशी हुनुहुने परमेश्वर हुनुहुन्छ भनी मैले जानेको थिएँ।३ अब हे परमेश्वर, मेरो प्राण लिनुहोस्, किनभने मेरो निम्ति बाँच्नुभन्दा त मर्नु नै असल छ।"**

सारा छिमेकी राष्ट्रहरूको ज्योति भएर निस्कन्दा इस्राएलको यश र सम्मुन्नति तिनीहरूले देख्ने थिए। अनि तिनीहरूमा भएको परमेश्वरमाथिको आस्थाको बारेमा तिनीहरूले उत्सुकतासाथ सोध्ने थिए। अनि धेरै जसोले सत्य परमेश्वरको आराधना गर्दथे।

तर अभाग्यवस त्यसो हुन आएन। इस्राएलीहरू अत्यन्त स्वार्थी भएको कारणले परमेश्वरको वृहत उद्देष्यमा तिनीहरूको नजर अन्धकार भयो। परमेश्वरको उदारता र उहाँले गर्नुहुने आशिषको आत्मसात् गर्न पनि ती इस्राएलीहरू चुके।

आधुनिक इसाईहरूमा पनि त्यही खालका धेरै चुनौतिहरूको सामना गरिरहेको देखिन्छ। के सुसमाचार प्रचार गर्न तिनीहरूमा भएका सबै थोक त्याग्न तयार छन् त? वा तिनीहरूमा स्वार्थी र भाऊ खोज्ने प्रवृत्तिहरू बाहुल्यता भएकोले परमेश्वरको वृहत योजनालाई बिर्सी दिने बानी बसालिएको छ कि? त्यस्तो मनस्थितिमा हामी पर्न गाऱ्हो छैन भन्न हामी सक्दैनौं।

"सारा संसारभरि परमेश्वरको कामको नतिजा राम्रो होस् भन्दै परमेश्वरको नाउँमा स्तुति र प्रसंसा गर्दै हामीहरूको आवाज उठाऔंौ। "तैपनि हामीहरूको कहिल्यै पनि गल्ती नगर्ने सेनापति येशूले हामीहरूलाई यो निर्देशन दिनुहुन्छः "अघि वढ। नयाँ क्षेत्रमा पस। प्रत्येक देशमा येशूको झण्डा फरफराऔं। "जाग, चम्क, तिम्रो

आत्मज्ञानको ज्योति आएको छ। परमेश्वरको महिमा तिमीमा जागिएको छ।" (यशैया ६१:१ रूपान्तरित)।

"हामीहरूको हृदयमा हरदम यो आवाजले घन्किरहनुपर्दछः अघि वढ, निरन्तररूपमा वढ्दै जाऔं। हामीहरूको बाटो तयार पार्न परमेश्वरका स्वर्गदूतहरू अघि अघि जानेछन्। जब सम्म सारा संसारभरी परमेश्वरको महिमा चम्किन्दैन तब सम्म अरूहरूलाई परमेश्वरको राज्यमा रहन चाहने प्रवल चाहना उब्जाउने जिम्मेवारीलाई कहल्यै पनि छोड्नुहुन्न।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ६, पृ. २८,२९बाट रूपान्तरित।

## २ तिमीहरूमा धिक्कार होस् (मत्ती ११:२०-२४)

**देहायका पदहरूबाट हामी सबैलाई अत्यन्त महत्त्वपूर्ण सन्देश आउन दिइरहेको छ। वर्तमान परिप्रेक्ष्यमा त्यो सन्देश हामीहरूको जीवनको एक भाग कसरी बनाउने? त्यहाँ के यस्तो निति छ जसदेखि हामी सबै चनाखो हुनुपर्दछ? हेर्नुहोस्ः मत्ती ११:२०-२४** "जुन-जुन सहरमा उहाँका धेरैजसो शक्तिशाली कामहरू गरिएका थिए, उहाँले तिनलाई धिक्कार्न लाग्नुभयो, कारण तिनीहरूले पश्चात्ताप गरेनन्। २१ "धिक्कार तँलाई, ए खोराजीन! धिक्कार तँलाई, ए बेथसेदा! किनकि तिमीहरूमा गरिएका शक्तिशाली कामहरू टुरोस र सीदोनमा गरिएका भए तिनीहरूले उहिले नै भाङ्ग्रा लाएर र खरानी धसेर पश्चात्ताप गरिसक्नेथिए। २२ तर म तिमीहरूलाई भन्दछु, न्यायको दिनमा तिमीहरूको भन्दा त टुरोस र सीदोनको हालत बढ़ी सहनीय हुनेछ। २३ ए कफर्नहुम, के तँ आकाशसम्मै उचालिनेछस् र? तँ पातालसम्म खसालिनेछस्। किनकि तँमा गरिएका शक्तिशाली कामहरू सदोममा गरिएका भएदेखि त्यो आजको दिनसम्म रहिरहनेथियो। २४ तर म तिमीहरूलाई भन्दछु, न्यायको दिनमा तेरो भन्दा त सदोम मुलुकको हालत बढ़ी सहनीय हुनेछ।", **लूका १७ः११-१९** "तर वास्तवमा म तिमीहरूलाई भन्दछु, इस्राएलमा एलियाको समयमा धेरै विधवाहरू थिए, त्यस बेला जब साढ़े तीन वर्ष वृष्टि रोकियो, यहाँसम्म कि सारा देशमा ठूलो अनिकाल परेको थियो। २६ तर एलिया सीदोन देशको सारपतमा भएकी एउटी विधवाकहाँ मात्र पठाइए, अरू कसैकहाँ पठाइएनन्। २७

एलीशा अगमवक्ताको बेलामा इस्राएलमा धेरै कुष्ठरोगीहरू भए तापनि सिरियाली नामान मात्र निको पारिए, अरू कोही निको पारिएनन्।" २८ यी कुरा सुनेर सभाघरमा भएका सबै जना रीसले चूर भए। २९ तिनीहरू उठे र उहाँलाई सहरबाट बाहिर निकालिकन जुन पहाड़मा तिनीहरूको सहर बनाइएको थियो, त्यसैको टाकुरामा लगेर उहाँलाई तलतिर खसालिदिन खोजे। ३० तर उहाँ तिनीहरूका बीचबाट छिरेर निस्किजानुभयो।", लूका १७:११-१९ "येशू यरूशलेमतिर जाँदैहुनुहुन्थ्यो। यस यात्रामा उहाँ सामरिया र गालीलको सिमाना भएर जानुभयो। १२ उहाँ एउटा गाउँमा पस्नुहुँदा दश जना कुष्ठरोगीसँग उहाँको भेट भयो। टाढ़ै उभिएर तिनीहरूले १३ चर्को सोरले भने, "हे येशू गुरुज्यू, हामीमाथि कृपा गर्नुहोस्।" १४ उहाँले तिनीहरूलाई देखेर भन्नुभयो, "जाओ, गएर पूजाहारीकहाँ आफैलाई देखाओ।" तिनीहरू जाँदाजाँदै निको भइहाले। १५ तिनीहरूमध्ये एक जनाले आफू निको भएको देख्यो, र उच्च सोरले परमेश्वरको महिमा गर्दै त्यो फर्क्यो, १६ र येशूलाई धन्यवाद दिएर त्यो येशूका पाउमा घोप्टो पर्‍यो। त्यो एक सामरी थियो। १७ येशूले भन्नुभयो, "के निको भएका दश जना होइनन् र? अरू नौ जना कहाँ छन्?

१८ के यो विदेशीबाहेक फर्किआएर परमेश्वरको प्रशंसा गर्ने अरू कोही भएन?" १९ अनि उहाँले त्यसलाई भन्नुभयो, "उठ, र आफ्नो बाटो लाग। तिम्रो विश्वासले तिमीलाई निको पारेको छ।" र यूहन्ना १०:१६ "मेरा अरू भेड़ा छन्, जो यस गोठका होइनन्। तिनीहरूलाई पनि मैले ल्याउनुपरेको छ, र तिनीहरूले मेरो सोर सुन्नेछन्, र तिनीहरू एउटै बगाल हुनेछन्, र एउटै गोठालो हुनेछ।"

ख्रीष्टका जन इस्राएली हुनु भनेको धेरै फाइदाहरू लिएर बस्ने अवसर पाउनु थियो। कुन उद्देष्यको निम्ति त्यो जाति चुनिएको थियो त्यो उद्देष्यमा लागोस् भनेर उहाँले तिनीहरूलाई जगाउन चाहनुभएको थियो। कोही पनि मानिस चाहे त्यो चुनिएको जाति नै किन नहोस् परमेश्वरको राज्यमा पस्न वा मुक्ति पाउन स्वतः पस्न पाउने अधिकार लिएर जन्मिएको हुँदैन। रगतको नाताले वा जन्मसिद्ध अधिकार हो भनेर त्यो मुक्ति वंशअनुसार एक पुस्ताबाट अर्को पुस्तामा सरिन्दैन। प्रत्येक व्यक्तिले त्यसलाई ग्रहण गर्न आत्मनिर्णय गर्नुपर्छ। विदेशी वा

गैर-यहूदीहरूलाई पनि परमेश्वरको राज्यमा पस्ने कि नपस्ने भन्ने निर्णय गर्ने विवेकको स्वतन्त्रता त्यस बेला दिइएको थियो र अझैसम्म कायमनै छ।

खेलाडीका प्रशिक्षकहरूले आफ्ना खेलाडीहरूलाई आफ्ना प्रतिस्पर्धी स्कुल वा संगठनहरूलाई देखाएर तिनीहरूसँग आफूहरूलाई तुलना गर्न कहिल्येकाहीँ चुनौति दिन्छन्। तिनीहरूले ती खेलाडीहरूलाई यसो भन्छन् "यदि तिनीहरू जस्तै निरन्तररूपमा, जोश र इमान्दारीपूर्वक तिमीहरूले पनि अभ्यास गऱ्यौ भने तिमीहरूले सफलताको स्वाद चाख्न पाउनेछौ। कुनै पनि प्रशिक्षक आफ्नो खेलाडी दल हारोस् भन्ने चाहन्न। त्यसकारण आफ्नो दलले हरेस नखाओस् भनेर तिनीहरूमा जित्ने चाहनालाई जगाइ राख्नु प्रत्येक प्रशिक्षकले आफ्नो जिम्मेवारो ठानेको हुन्छ।

त्यही अनुपातमा अन्य जाति वा विदेशी अर्थात् म्लेच्छ भनेर हेपिने जातिले पनि परमेश्वरले दिनुभएको मुक्तिको स्वाद पूर्णरूपमा कसरी चाखिरहेको छ भनेर आफ्नै जनहरूले थाहा पाउन् भन्ने येशूको चाहना थियो। मुक्ति भन्ने हाम्रो मात्र पेवा हो, अरू जाति वा राष्ट्रले पाउने अधिकार होइन भन्ने मनस्थितिमा ढालिएको यहूदीहरूले मुक्ति भनेको सबैको लागि हो भनेर प्रचार गर्ने येशूप्रति आक्रोसित हुनु स्वभाविकै थियो। तर येशूले सिकाउनु भएका ती सत्यहरूको मर्म ती यहूदी जातिहरूले पहिले नै वुझ्नुपर्दथ्यो।

कतिपय मानिसहरूमा आध्यायत्मिक अवसर धेरै होला जुन् कतिपयले नपाएका होलान्। त जो व्यक्तिहरूले ती आत्मिक फाइदाहरू पाइरहेका छन् तिनीहरूले ती फाइदाहरू तिनीहरूलाई दिइएको परमेश्वरको वरदान हुन् भनेर बुझ्नु पर्दछ। अनि त्यो वरदान परमेश्वरको महिमा र यशको निम्ति प्रयोग गर्नु पर्छ तर आफ्नो भाऊ खोज्न वा सम्मान पाउन प्रयोग गर्ने होइन।

**त्यही कुरालाई लिएर हामीहरूकै बारेमा हामीले के भन्ने? हामी सेभेन्थ-डे एडभेन्टिस्ट येशूभक्तहरूलाई परमेश्वरले दिनुभएको विभिन्न आत्मिक ज्ञानबाट लिइरहन पाएका सबै फाइदाहरूको बारेमा हामीले के भन्ने? तिनीहरूलाई बुझेर परमेश्वरप्रति आभारित हुँदै हामीमा पर्न आएको**

गरिमामय जिम्मेवारीलाई गम्भिर भएर नम्रतापूर्वक कसरी वहन गर्ने? १५९

## ३ "हामीले येशूलाई भेट्न चाहन्छौं" (यूहन्ना १२:२०-३२)

सुसमाचार कुनै निश्चित जाति, राष्ट्र वा रंगलाई नभएर सारा संसारको निम्ति हो भन्ने प्रत्यक्ष्य प्रमाणा यूहन्ना १२:२०-३२बाट हामीलाई यसरी थाहा दिइएको छः "चाड़मा आराधना गर्न जानेहरूमध्ये कोही-कोही ग्रीकहरू (पाश्चात्य मूलका मानिसहरू) पनि थिए। २१ तिनीहरू गालीलको बेथसेदा निवासी फिलिपकहाँ आएर यसो भनेर बिन्ती गरे, "हजूर, हामी येशूलाई भेट्न चाहन्छौ।" २२ फिलिपले गएर अन्द्रियासलाई भने, र अन्द्रियास र फिलिप गएर येशूलाई भने। २३ येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "मानिसको पुत्रको महिमित हुने समय आइपुगेको छ। २४ साँच्चै, म तिमीहरूलाई भन्दछु, गहूँको दाना माटोमा परेर मरेन भने त्यो एउटै रहन्छ। तर त्यो मऱ्यो भने त्यसले धेरै फल फलाउँछ। २५ आफ्नो प्राणको मोह गर्नेले त्यो गुमाउँछ, तर आफ्नो प्राणलाई यस संसारमा तुच्छ ठान्नेले चाहिँ अनन्त जीवनको लागि त्यो सुरक्षित राख्छ। (**Mt** १०:३९ **Mt** १६:२५ ...) २६ कसैले मेरो सेवा गर्छ भने त्यसले मलाई पछ्याओस् र म जहाँ छु, मेरो सेवक पनि त्यहाँ हुनेछ। कसैले मेरो सेवा गर्छ भने पिताले त्यसको कदर गर्नुहुनेछ। २७ "अब मेरो प्राण व्याकुल भएको छ, र म के भनूँ? 'हे पिता, मलाई यस घड़ीबाट बचाउनुहोस्'? होइन, यसै कारणले नै म यस घड़ीसम्म आइपुगेको छु। २८ हे पिता, तपाईंका नाउँको महिमा गर्नुहोस्।" तब स्वर्गबाट यस्तो एउटा आवाज आयो, "मैले त्यो महिमा गरेको छु, र फेरि गर्नेछु।" २९ त्यहाँ खड़ा भएको भीड़ले यो सुनेर भन्यो, "यो मेघ गर्जन हो!" अरूहरूले भने, "स्वर्गदूत उनीसँग बोलेका हुन्!" ३० येशूले जवाफ दिनुभयो, "यो आवाज मेरो निम्ति भएको होइन, तर तिमीहरूका निम्ति हो। ३१ अब यस संसारको न्याय हुन्छ। यस संसारको शासक बाहिर फालिनेछ। ३२ अनि जब म पृथ्वीबाट उचालिन्छु, म सबै मानिसलाई आफूतिर खिँच्नेछु।"

विभिन्न हल्लाहरूले यरुशलेम ढाकिरहेको थियो। ख्रीष्टको विजय यात्रा भर्खर सकिएको थियो। तर येशूप्रति गाएको स्तुति र

प्रशंसा तुरन्तै विभिन्न प्रश्नहरूले ओगट्न थालेको थियो। अब के हुन्छ? के अब येशूको राज्याभिषेक हुनेछ र?

यरुशलेममा निस्तार चाड मनाउन आउने तिर्थयात्रुहरूमा ग्रीक मूलका भक्तहरू पनि थिए। फिलिपलाई तिनीहरूले सोधेको प्रश्न सोच्नुहोस्: "हजुर, हामी येशूलाई भेट्न चाहन्छौं।" तिनीहरूले गरेको अनुरोध स्पष्ट छ कि तिनीहरूले येशूलाई देख्न चाहन्छ। तिनीहरू येशूसँग रहन चाहन्छ। तिनीहरूले येशूबाट सिक्न चाहन्छ। ख्रीष्टको मायामा र उहाँको सन्देशमा कतिको शक्ति रहेछ त्यस अनुरोधले देखाउँदछ। तर जसले अनुरोधका ती शव्दहरू भन्नु पर्थ्यो त्यही मानिसहरूले येशूलाई पन्छ्याउन चाहन्थ्यो।

सबै चेलाहरूको माझमा फिलिपकहाँ मात्र ती ग्रीक वा युनानीहरू किन गएत? किनभने सबै चेलाहरूमा फिलिपको मात्रै ग्रीक वा युनानी नाउँ थियो। फिलिप बेथसेडा शहरबाट आएको थियो। त्यो शहर त्यसबेलाको माछा व्यापारको केन्द्र थियो। विभिन्न जातजाति र संस्कृतिहरूले भरेको स्थान भनेर त्यो ठाउँको नाउँ चलेको थियो। हुनसक्छ फिलिपले ग्रीक अर्थात् युनानी भाषा पनि बोल्थे होला। तत्कालिन त्यस ठाउँमा येशू थिएन भनेर त्यस पदले (२०) आभास दिन्छ। नजिकमा यहूदीहरूको निम्ति आराक्षित स्थानहरूमा येशूले आराधना गर्न जानुभएको होला। तर पछि, येशूसँग भेट्न चाहने ग्रीक र चेलाहरूसँग मन्दिरको परिसरमा येशू समावेश हुनपुग्नुहुन्छ। ती ग्रीकहरूको इच्छा पनि उहाँले पूरा गर्नुहुन्छ। उहाँले उच्चारण गर्नुभएको बोलि केलाएर हेर्नुहोस् तः "यदि कोही मानिस अर्थात् जुनसुकै पुरुष, महिला, यहूदी, ग्रीक आदि मूलका मानिसहरूले मलाई पछ्याउन चाहन्छ भने पछ्याउन सक्छ तर त्यो बिनामोलको हुँदैन।"

**त्यो मोल के हो त? यूहन्ना १२:२५मा लेखिएको अर्थ हामीले कसरी बुझ्ने? "आफ्नो प्राणको मोह गर्नेले त्यो गुमाउँछ, तर आफ्नो प्राणलाई यस संसारमा तुच्छ ठान्नेले चाहिँ अनन्त जीवनको लागि त्यो सुरक्षित राख्छ।"**

**ती ग्रीकहरूसँग भएकै बेलामा आकाशवाणीले स्वर्ग घन्किन्छ। त्यो आकाशबाणीले**

न्याय र विजयको अनुमोदन गरेको थियो। त्यो आवाज उहाँको लागि नभएर यहूदी र ग्रीकहरूको निम्ति थियो भनेर उहाँले भन्नुहुन्छ। तिनीहरूको विश्वास बलियो होस् भनेर त्यो आवाज आएको थियो। उहाँको मृत्यु सारा संसारमा रहेका सबै मानिसको हो भनेर उहाँले तत्कालै भन्नुहुन्छ।१६१

## ४ मानिस मानिसको बीचमा ल्याउने विभिन्न भेदका पर्खालहरू भत्किन्छ (लूका १०:२७-३७)

जब येशूभक्तहरू येशूको सन्देश लिएर सारा राष्ट्रहरूमा पुग्छन् तब कुनै पनि ती राष्ट्रका मानिसहरू र येशूभक्तहरूको बीचमा क्षेत्रिय, भौगोलिक, रंग र जातिय पर्खाल हुनुहुन्दैन भनेर देहायका पदहरूले देखाएकोले तपाईं के भन्नुहुन्छ? हेर्नहोस्ः यूहन्ना ७ः३५ “तब यहूदीहरूले आपसमा भने, “यिनी कहाँ जान आँटेका छन्, र हामी यिनलाई भेट्टाउनेछैनौं? के यिनी ग्रीकहरूका बीचमा छरपष्ट भई बसेका यहूदीहरूकहाँ गएर ग्रीकहरूलाई शिक्षा दिन चाहन्छन्?", यूहन्ना ८ः४८ “यहूदीहरूले उहाँलाई जवाफ दिए, “के हाम्रो यो भनाइ ठीक होइन, कि तिमी सामरी हौ र तिमीलाई भूत लागेको छ?” र लूका १०:२७-३७ “तिनले भने, “तैंले परमप्रभु, आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा समझले र आफ्नो सारा मनले प्रेम गर, र आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर्।” २८ उहाँले तिनलाई भन्नुभयो, “तिमीले ठीक जवाफ दियौ। त्यसै गर, र तिमी जिउनेछौ।” २९ तर तिनले आफूलाई धार्मिक देखाउने इच्छा गरेर येशूलाई भने, “मेरो छिमेकीचाहिँ को हो त?”

३० येशूले जवाफ दिनुभयो, “एक जना मानिस यरूशलेमबाट यरीहोतिर जाँदैथियो। त्यो डाँकूहरूको फेला पऱ्यो। तिनीहरूले त्यसलाई नाङ्गै पारेर पिटे, र अधमरो पारी छोड़ेर गए। ३१ संयोगले एक जना पूजाहारी त्यही बाटो भएर जाँदैथियो, र त्यो अधमरो मान्छेलाई देखेर त्यो अर्कोपट्टि तर्केर गयो। ३२ त्यसै गरी एक जना लेवी पनि त्यस ठाउँमा आएर त्यसलाई देखेपछि अर्कोपट्टि तर्केर गयो। ३३ तर एक जना सामरी उसको यात्रामा जाँदैगर्दा त्यो मान्छे भएको ठाउँमा आइपुग्यो, र त्यसलाई देखेर उसको मन दयाले भरियो। ३४ र

त्यसकहाँ गएर तेल र दाखमद्य लगाएर त्यसका घाउहरूमा पट्टी बाँधिदियो, र आफ्नै गधामाथि चढ़ाएर त्यसलाई एउटा पौवामा ल्याई त्यसको हेरचाह गऱ्यो। ३५ भोलिपल्ट उसले चाँदीका दुई सिक्का पौवाको मालिकलाई दिएर भन्यो, 'यिनको हेरचाह गर, र अरू बढ़ी खर्च लागे म फर्केर आउँदा तिमीलाई तिरिदिनेछु'।" ३६ येशूले सोध्नुभयो, "तिम्रो विचारमा यी तीन जनामध्ये डाँकूहरूका हातमा पर्ने मानिसको छिमेकी कुनचाहिँ ठहरियो?" ३७ तिनले भने, "त्यस मानिसमाथि दया देखाउनेचाहिँ।" तब येशूले तिनलाई भन्नुभयो, "जाऊ, तिमी पनि त्यसै गर।"

कतिपय धार्मिक अगुवाहरूले येशूलाई भित्री हृदयदेखि अत्यन्त घृणा गर्दथे। त्यो अत्यन्त खेदपूर्ण थियो किनभने येशूलाई ग्रहण गर्न र उहाँको सन्देश सुन्न अग्रपन्थीमा हुनुपर्ने मानिसहरू नै उहाँको विरुद्धमा घनघोर कदम चालेका थिए। अर्को अर्थमा भन्ने पर्दा इस्राएलका धर्मगुरू र अगुवाहरू परमेश्वरको पुत्रको खिलाफमा चलेको थियो भने अन्या जातिहरू गैर-यहूदीहरूले येशूलाई मसीह भनेर ग्रहण गरेका थिए। आफू असल क्रिस्चियन हुँ भनेर दावी गर्ने तर अरू मानिस वा जातिलाई तुच्छ आँखाले हेर्नेहरूले अत्यन्त गहिरो पाठ त्यसबाट सिक्नु जरुरी छ।

ख्रीष्टलाई आलोचना गर्ने क्रममा यहूदी धर्मका पण्डित तथा मन्दिरका पुरोहितहरूले उहाँमा शैतान चढेको छ भनेर उहाँको गिल्ला गरेका थिए (यूहन्ना ८:४८)। त्यतिमात्र होइन, उहाँ सामरी हुन् भनेर तत्कालिन यहूदी समाजको तुच्छ मानिने जातको नाउँले उहाँलाई तिनीहरूले सम्बोधन गरेका थिए। जब गैर-यहूदी वा विदेशी ग्रीकहरूलाई परमेश्वरको बारेमा सुसमाचार सुनाए तव धर्मका रक्षक भनाउँदा ती यहूदी अगुवाहरूले उहाँको उपहास गरेका थिए। आफ्नो जात वा कूलभन्दा बाहिरका पाश्चात्य वा गोरा जाति ग्रीकहरूलाई परमेश्वरको विद्या वा आत्मज्ञान सिकाउँनु यहूदी संस्कार वा परम्पराको बिपरित थियो। त्यस्तो काम येशूले गर्नुहोला भनेर तिनीहरूले सोचेको पनि थिएन। आफ्ना राष्ट्र र आस्थाभन्दा बाहिर जातका मानिसहरूलाई इस्राएलका अगुवाहरूले वाक्क मानेर व्यवहार गरिन्थ्यो भनेर त्यसले देखाउँछ। तर जात भन्दा मानिसको चरित्र वा स्वभाव गरिमामय वा महत्त्व छ भनेर येशूले सिकाइरहनुभएको थियो।

**इस्राएलीहरूले नै निच ठानेको जात सामरीको बारेमा यथार्थ घटेको घटनालाई येशूले प्रयोग गर्नुभएको रोचक नै मान्नु पर्दछ। परमेश्वरको व्यवस्था व आज्ञाहरूलाई हृदयदेखि व्यवहारिक रूपमा आत्मसात् गर्न सक्नु नै शक्तिशाली आत्मज्ञानमा रहनु हो भनेर इस्राएलका ती धार्मिक तथा अग्रजहरूलाई येशूले सिकाउन चाहनुभएको थियो। त्यस कथामा एक जना मानिसलाई सुनसान स्थानमा चोरहरूले लुटेर पिटेर छोड्छन्। त्यसबेला मन्दिरको पुजारी र रेखदेख गर्ने दुई जना मानिसहरू एक एक गरेर पिडामा भएको मानिसलाई त्यत्तिकै हेरेर जान्छन्। लैव व्यवस्थालाई ती धार्मिक अगुवाहरूले वंग्याएका थिए। त्यस व्यवस्थामा मन्दिको विधिको बारेमा उल्लेख गरिएको छ। तिनीहरूले मानिस भन्दा मन्दिर ठूलो छ भनेर ठानेका थिए। त्यसकारण घाइटे भएको त्यस मानिसलाई मन्दिरका ती संरक्षकहरूले टुलुटुलु हेरेर गएका थिए। हुनसक्छ शायद मन्दिरको काममा हतार हुन्छ भनेर त्यस मानिसलाई वास्ता नगरेको होला। वा त्यो मानिस विदेशी भनेर हेपेर पनि वास्ता नगरेको हुनसक्छ। खैर, जे भएतापनि कुजात भनेर हेपिएको सामरीले आफ्नो पूर्वाग्रहलाई पन्छाइ दिन्छ र त्यस नौलो मानिसको ज्यान बचाइ दिन्छ। आफ्नो जातको मानिस नभएकोले सहायता गर्नु नैतिक जिम्मेवार नठान्ने पुर्वाग्रहले ग्रष्ट धर्मका अगुवाहरूको निम्ति येशूले भन्नुभएको घट्ना अत्यन्त चुनौतीपूर्ण थियो।**

आवश्यक परेकोलाई सहायता नगरेको अन्तिम समय कहिले थियो सो सोच्नुहोस्। तपाईंले कुन बहना लगाएर सहायता गर्नु भएन? सामरीको बारेमा येशूले भन्नुभएको कथा पढे वा सुनेपछि तपाईंको व्यवहारमा कस्तो परिवर्तन ल्याउने अठोत गर्नुभएको छ?

## ५ महान् आदेश (रोमी १५:१२)

देहायका पदहरूमा कस्तो जरुरी सन्देश छ र प्रकाश १४ अध्यायमा उल्लेखित तिन स्वर्गदूतहरूको सन्देशहरूसँग त्यो सन्देश कसरी जोडिन सक्छ? हेर्नुहोस्: रोमी १५:८-१२ "म तिमीहरूलाई भन्दछु, हाम्रा पूर्वजहरूलाई दिइएका प्रतिज्ञाहरूको पुष्टि गर्नका निम्ति परमेश्वरको सत्यतालाई प्रकट गर्न ख्रीष्ट खतना भएकाहरूको दास बन्नुभयो, ९ यस हेतुले कि अन्यजातिहरूले उहाँका कृपाको निम्ति

परमेश्वरको महिमा गरून्। जस्तो लेखिएको छ, "यसैकारण अन्यजातिहरूका बीचमा म तपाईंको प्रशंसा गर्नेछु, र तपाईंका नाउँको स्तुति गाउनेछु।" १० र फेरि यस्तो भनिएको छ, "ए अन्यजाति हो, उहाँको प्रजासँग आनन्द मनाओ।" ११ र फेरि, "ए सारा अन्यजाति हो, प्रभुको प्रशंसा गर, र सबै मानिसहरूले उहाँको प्रशंसा गरून्।" १२ र फेरि यशैया भन्दछन्, "यिशैको वंशबाट एक जना आउनुहुनेछ, उहाँले अन्यजातिहरूमाथि शासन गर्नुहुनेछ, उहाँमाथि अन्यजातिहरूले आशा राख्नेछन्।" , प्रेरित १:७,८ "उहाँले तिनीहरूलाई भन्नुभयो, "पिताले आफ्नो अधिकारद्वारा तोक्नुभएको बेला वा समय जान्ने तिमीहरूको काम होइन। ८ तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी" ,यूहन्ना ११:४७-५३ "तब मुख्य पूजाहारीहरू र फरिसीहरूले महासभाका सदस्यहरूलाई बोलाए र तिनलाई भने, "अब हामी के गरौं? किनभने यस मानिसले त धेरै चिन्हहरू गरिरहेछ। ४८ यसलाई यसै छोडिदियौं भने सबैले यसमाथि विश्वास गर्नेछन् र रोमीहरूले आएर हाम्रो पवित्रस्थान र हाम्रो जाति दुवैलाई नष्ट पार्नेछन्।" ४९ तर तिनीहरूमध्ये एक जना, कैयाफा, जो त्यस वर्षका प्रधान पूजाहारी थिए, उनले तिनीहरूलाई भने, "तिमीहरू केही पनि जान्दैनौ! ५० समस्त राष्ट्र नष्ट हुनुभन्दा बरु जनताको निम्ति एक जना मानिस मर्नुमा नै तिमीहरूको कल्याण छ भनी तिमीहरू बुझ्दैनौ।" ५१ यो तिनले आफ्नै तर्फबाट भनेका थिएनन्, तर त्यस वर्षका प्रधान पूजाहारी भएका हुनाले राष्ट्रको निम्ति येशू मर्नुपर्छ भन्ने अगमवाणी बोलेका हुन्। ५२ राष्ट्रको निम्ति मात्र तिनले यो भनेका थिएनन्, तर छरपष्ट भएका परमेश्वरका सन्तानलाई एकसाथ जम्मा गर्नलाई यो भनिएको थियो।५३ यसैले त्यस दिनदेखि तिनीहरूले उहाँलाई मार्ने मतो गरे।" र मत्ती २८:१८-२० "तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। १९ यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु।"

संसारको अन्त हुन तथा परमेश्वरको काम सकिनु भन्दा पहिले सारा संसारमा अनन्तको सुसमाचार प्रचार गरिनु पर्छ। त्यो सुसमाचार प्रकाश १४ अध्यायमा उल्लेखित तिन स्वर्गदूतहरूको ढाँचामा फैलिनु पर्छ। प्रत्येक रंग, जाति, राष्ट्र र भौगोलिक सिमाना पार गर्दै त्यो सुसमाचार प्रचार नहुञ्जेल जसले जे भनेतापनि न त संसार ध्वस्त नै हुनेछ न त यस संसारमा परमेश्वरको काम नै सकिने छ। बाइबलले त्यो कार्य कहिले हुन्छ भनेर ठ्याक्कै समय तोकिएको छैन। तर त्यो समय भन्दा पहिले सारा विश्वमा सुसमाचार फैलिने छ भनेरचाहिँ बाइबलमा यकिन गरेको छ। तिन स्वर्गदूतहरूको सन्देशमा के काम हुनेछ र परमेश्वरको विजयको घोषणा गरिएका छन्।

सारा राष्ट्रहरूले त्यो सुसमाचारलाई ग्रहण गर्नेछ भनेर भविष्यवाणी गरेको छ। यो काम हुनै पर्छ, तर परमेश्वरको अनुग्रहको माध्यम भएर त्यो काम गर्न जिम्मेवारी कसले आफूलाई सुम्पिन्छ त? विभिन्न भाषा, जाति, रंग आदिले सुसमाचार प्रचार गर्न तगारो खडा भएको छ, तर त्यसलाई भत्काउन ख्रीष्टसँग को मिल्न चाहन्छ? त्यो पुण्य कार्यको निम्ति कसैले आफ्नो खल्ती खालि गर्न चाहन्छ? पारिवारिक सम्बन्ध र संसारको मोजमज्जा वा सुविधाहरूलाई त्यो काम गर्न कसले त्याग गर्न सक्छ? ती सबै प्रश्नहरू हामी आफैले आफूलाई सोध्नु पर्छ। मानिसहरू जहाँ भएतापनि वा जो भएतापनि तिनीहरूको माझमा सुसमाचार फैलाउने काममा हाम्रो भूमिका कस्तो भइरहेको छ? यो दुर्भाग्यपूर्ण छ कि कतिपय इसाई भनाउँदाहरूकै बीचमा पनि जाति, सामाजिक, रंग र संस्कारको पूर्वाग्रहले ठाउँ ओगटेका छन् जसले गर्दा प्रवल सुसमाचार प्रचार गर्न तगारो बन्न पुगेको छ। तर तिनीहरूका विश्वासी मित्रहरू परमेश्वरको सुसमाचार फैलियोस् भनेर आफ्ना सम्पूर्ण जीवन स्वइच्छाले अर्पण गरि सारा संसारभरि यत्रतत्र छरीएका छन्।

“आफ्नो भाऊलाई त्याग गर्नेमा र स्वार्थलाई त्याग गर्नेमा सुसमाचार प्रचार गर्ने काम भर पर्छ। जस सुसमाचारको प्रचारको कार्य स्पष्ट र सिधा प्रचार गरिन्छ त्यसको मूल्याङ्कन परमेश्वरले मात्र गर्नुहुन्छ। जब नयाँ क्षेत्रमा सुमाचार फैलाउन विश्वासीहरू पस्छन् र त्यो काम गर्न सबै प्रयासहरू गर्छन् तब सत्यको बिऊ त्यहाँ रोपीएको हुन्छ। त्यसले परमेश्वरको बारेमा विशाल आत्मिक ज्ञान प्राप्त हुन्छ र उहाँको इच्छा

अनुसार मानिसको चरित्र कस्तो ढाँचाको हुनुपर्छ भनेर ठिक रूपमा अझ बुझाउँछ। येशूमा भएको सत्यको ज्ञान जान्न हजारौं मानिसहरू ओइरनेछन्। सच्चा हृदयले सुसमाचार प्रचार गरिन्दा तिनीहरूको विश्वास प्रेमद्वारा परिचालित भएका हुन् भनेर देखाउँदछ र तिनीहरूको प्रयासले मानिसहरूको जीवनलाई शुद्ध बनाउँदछ।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ६, पृ. २८बाट रूपान्तरित।

**उपसंहार:**

थप जानकारी: **यस अध्यायको निम्ति अन्य जानकारी पाउन एलेन जी ह्वाइटको देहायको सामग्रीमा पाउँछन्: आक्टस् अभ आपोस्टल्स पुस्तकको पृ. २५-३४को "द ग्रेट कमिशन", पृ. ३५-४६को "पेन्टिकोस्ट", द दिजाएर अभ एजेज पुस्तकको पृ.६२१-६२४मा उल्लेखित "इन द आउटर कोर्ट" र पृ. ४९७-५०५को "द गुड सामरितन"।**

"जब आफ्नो यात्रामा जाँदै थियो एक जना सामरितन पिडामा परेको मानिसकहाँ नजिक पुग्यो। जब त्यस सामरितनले कष्टमा परेको त्यस मानिसलाई देखे तब उसको हृदयमा दया र करूणाले भरिन्छ। त्यो व्यक्तिले दुःख पाएको मानिस यहूदी हो कि अन्य जाति हो, त्यसको वास्ता गरेन....

"त्यसकारण "मेरो छिमेकी को हो त?" भन्ने प्रश्न सदाको निम्ति जवाफ दिइएको छ। छिमेकी भन्दा केवल चर्चमा रहेको कोही विश्वासी वा त्यही आस्थामा हुने व्यक्तिमात्र होइन भनेर ख्रीष्टले देखाउनुभएको थियो। यउटै वर्ग, एउटै रंग, एउटै जाति वा समूह रहेका मानिसहरूमात्र एक आफसका छिमेकी हुन् भन्ने छैन। हाम्रो सहायता चाहिने प्रत्येक व्यक्ति हाम्रो छिमेको हो। हाम्रो शत्रु शैतानले घाईटे बनाएको र चोटले क्षतविक्षत भएको जो पनि व्यक्ति हाम्रो छिमेकी हो। प्रत्येक व्यक्ति हाम्रो छिमेको हो, जो परमेश्वरको सम्पत्ति हो।" द डिजाएर अभ एजेज्, पृ. ५०३बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. विश्वभरीको चर्चमा जम्मा भएको आर्थिक सहयोगले परमेश्वरको राज्यको सुसमाचार सुनाउने हामीहरूको

समर्पणता कत्तिको देखाउँछ? फेरि हामीहरूको त्याग केवल आर्थिक सहयोग भन्दा बेसी किन हुनुपर्छ? विभिन्न जाति जाति र संस्कारको बीचमा सुसमाचार सुनाउने कार्यक्रममा चर्चको पैसा कसरी प्रयोग गर्न सकिन्छ?

आ. "सुसमाचार प्रचार गर्ने काममा केवल चर्चको पास्टर वा चर्चको कर्मचारीमात्र चल्नु पर्छ भन्ने प्रवृत्ति हामीबाट हट्नुपर्छ। परमेश्वरको राज्यको सुसमाचारसँगको सम्बन्धमा परमेश्वरले प्रत्येक व्यक्तिलाई कुनै न कुनै काम दिनुभएको छ। प्रत्येक व्यक्ति जो इसाई हुँ भनेर दावी गर्छन् धर्मपरायणता वा पवित्रताको नितिमा हिंड्न त्यो मानिस गम्भिर र न्यायोचित दिमागको हुनुपर्छ। प्रत्येक मानिस परमेश्वरको कामको प्रगतिको निम्ति क्रियाशील हुनुपर्छ। परमेश्वरले हामीलाई जे काम गर्न खटाउनुभएतापनि प्रत्येक इसाईलाई संसारमा येशू ख्रीष्टलाई उचाल्ने जिम्मा सुम्पिएको छ। हामी सबै जना परमेश्वरको मिशिनरी वा उहाँको लक्ष्य पूरा गर्ने व्यक्ति हौं। हामीहरूको लक्ष्य भनेकै अरूलाई ख्रीष्टतिर मन फर्काउने हो।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ६, पृ. ४२७बाट रूपान्तरित। उपरोक्त उदगारको बारेमा विश्वासीहरू बीच चिन्तन गर्नुहोस्। परमेश्वरको कामको निम्ति हामीलाई गरिएको आह्वानको सन्दर्भमा अझ बेसी तपाईंले कसरी सहयोग गर्न सक्नुहुन्छ?

इ. आफ्नो जीवन यस संसारमा घृणा गर्नुपर्छ भन्ने यूहन्ना १२:२५मा उल्लेखित येशूको वाक्यलाई गहिरिएर सोच्नुहोस्। हामीहरूको काम र जीवनबाट हाम्रो भन्दा परमेश्वरको भाऊ उच्च छ भनेर कसरी देखाउने?